स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ३) बङ्गाँडा ,प्यूठान ,असार २६ गते ,२०७६ साल (संख्या ४

भाग-२

सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# सरुमारानी गाउँपालिका

# सरुमारानी सुत्केरी पोषण सहायता कार्यविधि २०७६

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यबिधिको नाम "सरुमारानी सुत्केरी पोषण सहायता कार्यविधि,२०७६" रहेको छ ।

(ख) यो कार्यविधि सम्वत् २०७६ श्रावण १ बाट लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुगमन समिति" भन्नाले गाउँपालिकाले गठन गर्ने परिच्छेद ३ (ख) बमाजिमको समिति सम्झनु पर्छ।

(ख) "निवेदन" भन्नाले स्वास्थ्य संस्थाका आधिकारीक व्यक्तिको हस्ताक्षर भएको जन्म प्रमाण पत्र वा सम्बन्धित वडाको जन्म दर्ता प्रमाण पत्र सहितको कागजात सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सरुमारानी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "स्वास्थ्य संस्था" भन्नाले यस गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य ईकाइ सम्झनु पर्छ ।

(ङ) "सुत्केरी आमा" भन्नाले सम्वत् २०७६ श्रावण १ पछि सुत्केरी भएका र ४५ दिन भित्रका सुत्केरी महिला सम्झनु पर्छ ।

## परिच्छेद २
## रकम व्यवस्थापन र भुक्तानी

३.रकम व्यवस्थापनः गाउँपलिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने बार्षिक खर्च रकम अनुमान गरी बार्षिक रुपमा गाउँसभाले विनियोजन गरी रकमको व्यवस्थापन गर्नेछ ।

४.भुक्तानी प्रकृयाः

क) सम्वत् २०७६ श्रावण १ गते पछि सुत्केरी हुने यस गाउँपालिकामा स्थायी बसोबास गर्ने महिलाहरुको सम्वन्धित स्वास्थ्य संस्थाले सुत्केरी भएको ७ दिन भित्र सुत्केरी आमावाट निवेदन लिनुपर्नेछ ।

(ख) स्वास्थ्य संस्थाले आगामी महिनामा प्रसुती हुन सक्ने महिलाहरुको संख्या यकिन गरी आवश्यक अण्डाको व्यवस्थापन गर्न गाउँपालिका समक्ष पेश्कि रकम माग गर्नेछन् ।

(ग) स्वास्थ्य संस्थाले सुत्करीको निवेदन वमाजिम प्रति सुत्केरी ३० गोटा (एक क्यारेट) अण्डा उपलव्ध गराउनेछ ।

(घ) विशेष परिस्थितीमा वाहेक सुत्केरी महिलालाई सुत्केरी भएको ७(सात) दिन भित्र अण्डा उपलव्ध गराईनेछ।

(ङ) स्वास्थ्य संस्थाले महिना भुक्तान भएपछि निवेदन तथा विल भरपाइ संलग्न राखी पेश्कि फछ्र्यौट गर्नेछन् ।

(च) स्वास्थ्य संस्थामा सुत्केरी नभएका महिलाको हकमा गर्भवति अभिलेखको आधारमा स्वास्थ्य संस्थाको सुत्केरी भएको भन्ने व्यहोराको सिफारिश अनुसार अण्डा उपलव्ध गराईनेछ ।

(छ) गाउँपालिकाले स्वास्थ्य संस्थाले पेश गरेको निवेदनका आधारमा पेश्कि दिने र विल भरपाइका आधारमा पेश्कि फछ्र्यौट गर्नेछ ।

(ज) स्वास्थ्य संस्थाले अण्डा खरिद गर्दा उपलव्ध भएसम्म स्थानीय कुखुरा फर्मबाट उत्पादन भएको कुखुराको अण्डा खरिद गर्नुपर्नेछ ।

## परिच्छेद ३
## अनुगमन सम्वन्धी व्यवस्था

५.(क)रकम उपलब्ध गराउने तथा अभिलेख राख्नेः

१) दफा (३) वमोजिम विनियोजित रकमबाट खर्च हुनेगरी स्वास्थ्य संस्थाको निवेदनका आधारमा पेश्कि दिएको तथा विल भरपाइको आधारमा पेश्कि फछर्यौट गरेको अभिलेख गाउँपालिकाको आर्थिक प्रशासन शाखाले राख्नेछ ।

२) सेवा प्राप्त सुत्केरीहरुको विवरणको अभिलेख गाउँपालिका स्वास्थ्य शाखाले राख्नेछ ।

(ख) अनुगमन समितिः

यस कार्यविधिमा उल्लेखित सबै प्रावधानहरु ठिक तरिकाले कार्यान्वयन भए नभएको बारे रेखदेख गर्न, सम्बन्धित पक्षलाई सुझाव दिन र कार्यान्वयनमा सहयोग गर्न देहाय वमोजिमको अनुगमन समिति रहने छ।यस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

गाउँपालिकाको अध्यक्ष- संयोजक

गाउँपालिकाको उपाध्यक्ष- सहसंयोजक

सामाजिक विकास समितिको संयोजक- सदस्य

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

गाउँपालिकाको स्वास्थ्य संयोजक- सदस्य सचिव

## परिच्छेद ४
## अन्य

६.कारवाही हुनेः

यस कार्यविधि विपरित कार्य गर्ने गराउने कुनै पनि ब्यक्ति समुहलाई प्रचलित कानून वमोजिम कारवाही हुनेछ। गलत प्रमाण पेश गरि रकम भुक्तानी लिएको दिएको प्रमाणित भएमा उपलब्ध गराइको रकम वा सामाग्री फिर्ता गरिनेछ।

७. खारेजी र बचाउः

यो कार्यबिधि स्वीकृत भएको मिति देखि लागू हुनेछ । साथै यो कार्यबिधि लागू भए देखि यस अघि यसै कार्यविधि अनुकुल भएका कार्यहरु यस कार्यबिधिले समेटेको हद सम्म यसै कार्यबिधि वमाजिम भएको मानिनेछ ।